ॐ श्रीः गौः श्रीः शिवौ वेदाः

आत्मा खलु विश्वमूलम् । वेदोऽखिलो धर्ममूलम् । कृण्वन्तो विश्वमार्यम् ।

श्रीहृदाध्यात्मिकपरिषद्

(२०२२ चैत्र १-२०७२ चैत्र १)

स्वर्ण महोत्सव-२०७२

२०७२ चैत्र १-३

योगी नरहरिनाथः

यति (हिम मानव)

यो यति

यो यति

योगी नरहरिनाथः

प्रकाशक

श्रीबृहदाध्यात्मिक परिषद्

गोरक्षपीठः, (कोटिहोमस्थली-१२४) मृगस्थली, काठमाडौं

यो यति
YO YETI

लेखक	:	**योगी नरहरिनाथः**
प्रकाशक	:	श्रीबृहदाध्यात्मिक परिषदः, गोरक्षपीठ, मृगस्थली, काठमाडौँ
सर्वाधिकार	:	प्रकाशकाधीन
सम्पादन	:	विश्व के. सी. (पोखरेल)
प्रथमावृत्ति	:	संवत् २०१४ (२००० प्रति)
द्वितीयावृत्ति	:	संवत् २०७२ (१००० प्रति)
मूल्य	:	सहयोगार्थ रु. १००/–
ISBN	:	
मुद्रक	:	आरम्भ एड. प्रा. लि. बबरमहल, काठमाडौँ, फोनः ४२६३९७६

विशेष : प्रस्तुत पुस्तक राष्ट्रगुरु योगी नरहरिनाथ कैलासयात्रामा जाँदा बाटोमा जम्काभेट भएको हिममानवसँगको अनुभूतीलाई वि.सं. २०१४ सालमा सानो पुस्तकका रूपमा प्रकाशित गरिएको पुस्तक हो। यस पुस्तकमा उल्लेख गरिएका सम्पूर्ण सन्दर्भ तथा प्रसङ्गहरू योगी नरहरिनाथज्यूका व्यक्तिगत अनुभव, नीजि खोज तथा अनुसन्धानमूलक सम्पत्ति हुन्। यस पुस्तकमा उल्लेख भएका सम्पूर्ण वा आंशीक सन्दर्भ तथा प्रसङ्गहरू श्रीबृहद् आध्यात्मिक परिषद्को स्वीकृतिबिना प्रतिलिपि उतार गर्न वा आफ्नो नामबाट प्रकाशन गर्न पाइनेछैन।

© **श्रीबृहद् आध्यात्मिक परिषद्**, मृगस्थली, काठमाडौँ।

प्रकाशन समिति

संयोजक

योगी श्रीषनाथः

सह संयोजक

योगी व्याघ्रवेदनाथः

सदस्यहरू

विश्व के.सी. (पोखरेल)
शान्तप्रसाद पोखरेल
विष्णुप्रसाद बराल
श्यामकृष्ण तिवारी क्षेत्री (के.सी.)
कौशल्या थापा

सम्पादक

विश्व के.सी. (पोखरेल)

प्रकाशकीय

आदरणीय पाठकवृन्दहरू,

राष्ट्रगुरु योगी नरहरिनाथज्यूको अग्रसरतामा बि. सं. २०२२ साल चैत्र १ गतेका दिन दाङ जिल्लाको तुलसीपुरमा आयोजित बृहद् आध्यात्मिक सम्मेलनले श्रीबृहद् आध्यात्मिक परिषद्को बिजारोपण गरेको थियो । सोही श्रीबृहद् आध्यात्मिक परिषद् आज मिति २०७२ चैत्र १ गतेदेखि ५० औँ बर्षमा प्रवेश गरेको अवसरमा आयोजित स्वर्ण महोत्सव-२०७२ को उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

योगी नरहरिनाथज्यूका साहित्य एवम् दर्शन रसास्वादनको आनन्द बेग्लै छ । उहाँले मानवसमाजको कल्याणका निमित्त सयौँ कृतिहरू रचना गर्नुभयो । आफ्नो जीवनकालभरि न उहाँका पाउ रोकिए, न उहाँको कलमले विश्राम लिएको छ । त्यसैले उहाँलाई आजीवन पदयात्री, आजीवन विद्यार्थी भनिन्छ । योगीजी खोलानाला, वनजङ्गल, पहाडका कुनाकन्दरा चाहार्ने, मृगस्थलीमा रातदिन पलेटी कसेर घोत्लिने, अध्ययनअनुसन्धान गर्ने अनि पुस्तक पत्रपत्रिकामार्फत जनजनलाई वितरण गर्नुहुन्थ्यो । कसैबाट कहिल्यै केही लिन नचाहने निस्पृह योगी अरुलाई दिनमात्र तम्सिनुहुन्थ्यो । अनेक दुःख कष्ट सहेर खोज्ने बटूल्ने अनि अरुलाई ज्ञानरस सुम्पने स्वभाव थियो योगी नरहरिनाथको । उहाँको कलमलाई सरस्वतीको वरदान प्राप्त थियो । जुनसुकै विद्यामा पनि उहाँको कलम निर्वाध चलेको थियो । त्यसैले योगीजीले आफ्नो भौतिक जीवनकालमा विविध विद्याका करिब ५७१ को हाराहारीमा सानाठूला पुस्तक, पुस्तिकाहरू प्रकाशन गर्नुभएको थियो । उहाँका सबै कृतिहरू झर्रो नेपाली भाषामा लेखिएका छन् । युगपुरुष योगी नरहरिनाथलाई नेपाली भाषिक मौलिकता पछ्याएर कलम चलाउन सक्ने नेपालका एकमात्र विद्वान् मान्न कत्ति पनि संकोच मान्नु पर्दैन । उहाँका कृतिहरूको अध्ययन गर्दा स्वतः स्पष्ट हुँदै जान्छ । उहाँका सबै कृतिहरू विश्व मानव कल्याण र राष्ट्रकै लागि समर्पित थिए । उहाँका कृतिहरू नेपाली मौलिकता र राष्ट्रियताले ओतप्रोत भएकाछन् । पुस्तकहरूमा नेपाली भाषा, संस्कृति एवम् सभ्यताप्रतिको उहाँको गहिरो सम्मान छताछुल्ल भएर पोखिएको अनुभव गर्न सकिन्छ । उहाँका प्रायःजसो सबै कृतिहरूमा यत्रतत्र राष्ट्रप्रेम मौलाएका छन् । यस्तो लाग्दछ कि उहाँको कलमले राष्ट्रभक्तिको वन्दनाबाहेक अरु केही बुझ्दैनथ्यो । उहाँका गहन रचनाहरूमा पाइने उत्कृष्ठ शब्द संयोजनयुक्त लेखनशैलि, विशुद्ध वैयाकरण अनि अत्यन्त भावपरक लेखोटका मसीले पाठकहरूलाई मौलिकताको यथार्थ गहिराइमै पुऱ्याएर छाड्दछन् । यही वास्तविकताले नै आम पाठकवर्गलाई राष्ट्रगुरु योगी

नरहरिनाथको प्रतिभा र उच्च व्यक्तित्वसँग एकाकार गराई छाड्छन् । उहाँका सयौँ कृतिहरूमध्येको एउटा कृति यो पनि हो **यो यति**, जुन तपाइको हातमा रहेकोछ ।

वि.सं. २०१४ साल साउनको महिनामा कैलासयात्रीहरूको आफ्नो दलबलसहित कैलास मानसरोवरको यात्रामा हिँड्नुभएका योगी नरहरिनाथको आफ्नो अनुभवलाई यस पुस्तकमा समेटिएको छ । पैदल यात्रा गर्दा योगीज्यूलाई कसैले भेट्टाउन सक्दैनथ्यो । यस यात्रामा पनि उहाँ अरू सबै सहयात्रीहरूभन्दा अगाडि नै हुनुहुन्थ्यो । हिमालको कठिनमार्गमा एक्लै गीत गुनगुनाउँदै हिँडिरहेको समयमा अकस्मात् हिममानव (यति) भेटिएको थियो । अहिलेसम्म पनि कसैले प्रत्यक्ष फेला पार्न नसकेको तथा एउटा किंवदन्तिकै रूपमा कहिँदै सुनिदै आएको हिममानवलाई योगी नरहरिनाथज्यूले यस यात्रामा प्रत्यक्ष देख्नुभएको थियो । जीवविज्ञानको अध्ययनअनुसन्धानका निमित्त यो एउटा अत्यन्त महत्त्वपूर्ण एवम् ठूलो उपलब्धि नै थियो । नेपालको उत्तरी हिमाली भू–भाग विभिन्न रहस्यहरूको भण्डारक्षेत्र मानिन्छ । यस्तै प्रकारका अनगीन्ति रहस्यहरूमध्ये हिममानव (यति) पनि हालसम्म रहस्यकै रूपमा रहेको छ । सबै विद्वान्, अनुसन्धाता, जीवशास्त्री तथा पदयात्रीहरू पनि नेपालको उत्तरी हिमालय क्षेत्रमा हिममानवको अस्तित्व रहेको स्वीकार गर्दछन् । तर हालसम्म पनि प्रमाण प्राप्त हुन सकेको छैन । अद्वितीय स्मरणशक्तियुक्त योगीज्यूले प्रत्यक्ष हिममानवलाई देख्नुभएकोले उहाँले हिममानवको आकृति, प्रकृति, हाउभाउ, जिउडाल आदिका बारेमा यस पुस्तकमा रोचक वर्णन गर्नुभएको छ । यस पुस्तकको आवरणमा रहेको हिममानवको आकृति पनि योगी नरहरिनाथज्यूकै वर्णनका आधार योगी प्रभातनाथले तयार गर्नुभएको हो । अहिलेसम्म रहश्यकै रूपमा रहेको यतिका सम्बन्धमा थप अध्ययनअनुसन्धान एवम् खोजकार्यका लागि यो पुस्तक अवश्य पनि उपयोगी ठहरिने छ । त्यसैले नेपालको उच्च हिमाली क्षेत्रको अध्ययनअनुसन्धानमा संलग्न रहनुभएका अध्येताहरूका निमित्त यो पुस्तक पुनः प्रकाशन गरिएकोछ ।

प्रस्तुत पुस्तक पुस्तकको द्वितीय आवृत्ति हो । पुस्तकको आकार साह्रै सानो हुने र हराउने, च्यातिने सम्भावना भएका महत्त्वपूर्ण दस्तावेजहरूलाई जसोतसो एउटैमा राख्दा पनि फरक नपर्ने देखिएकोले यसमा गुरुपूर्णिमामहिमासमेत समावेश गरिएको छ । लामो समयदेखि योगीज्यूका कृतिहरू पाठकहरूको पहुँचभन्दा बाहिर रहेको सन्दर्भमा यो पुस्तक पनि पुनः प्रकाशन गरिएको छ । यस पुस्तकमा संलग्न रहेका दुवै कृतिहरूमा योगीजीद्वारा प्रयुक्त भएका भाषा, शैली एवम् मौलिकतामा कत्ति पनि संशोधन गरिएको छैन । जे जसरी प्रकाशन भएको थिए त्यसरी नै अहिले पुनःप्रकाशन गरिएको छ । तात्कालिक परिवेशमा यी पुस्तकहरूको जुन महत्त्व थियो वर्तमानमा

पनि उत्तिकै महत्त्व तथा समयसान्दर्भिक रहेका छन् भन्ने दृष्टिकोणले श्रीबृहद् आध्यात्मिक परिषद्को स्वर्ण महोत्सवको अवसर पारेर अन्य केही पुस्तकहरू सँगसँगै यो पुस्तक पनि पुनः प्रकाशित गरिएको हो । यसरी नै योगीजीका अन्य कृतिहरू पनि क्रमशः पुनःप्रकाशित हुँदै जानेछन् । यी कृतिहरूलाई यसरी प्रकाशन गर्नुको उद्देश्य योगी नरहरिनाथज्यूको दर्शनलाई सर्वसुलभ तुल्याउने, योगीज्यूका सत्कार्यहरूले वर्तमानलाई आलोकित तुल्याउने प्रयास गर्ने तथा उहाँको साहित्यिक वाङ्मयमा प्रयुक्त भाषाशैलि एवम् लेख्यशैलिको मौलिकतालाई जीवन्तता प्रदान गर्नेमात्र हो । आवश्यकताअनुसार उपयुक्त समयमा यी कृतिहरूको भाषिक एवम् लेख्यशैलिमा संशोधन हुँदै जानेछन् ।

तसर्थ श्रद्धेय राष्ट्रगुरु योगी नरहरिनाथद्वारा प्रकाशित कृतिहरूलाई समस्त मानवसमाजको कल्याणका निमित्त बढीभन्दा बढी उपयोगी तुल्याउने लक्ष्यअनुरूप अघि बढाइएको श्रीबृहद् आध्यात्मिक परिषद्को यस अभियानका लागि उपयुक्त सल्लाह, सुझाव, परामर्श एवम् सहयोग अनि सद्भावका निमित्त सम्पूर्ण विज्ञ पाठकजनहरूसमक्ष हार्दिक अनुरोध गर्दछु ।

ॐ शिव गोरक्ष !

योगी श्रीषनाथः

योगी श्रीषनाथः
अध्यक्ष
श्रीबृहद् आध्यात्मिक परिषद्, गोरक्षपीठ, मृगस्थली, काठमाडौँ ।
वि. सं. २०७२ चैत्र १, सोमबार ।

यति (हिम मानव)

यो यति

हिममानव-हिममानुष वा हिमपुरुष र यति यौटै हो

-योगी नरहरिनाथ

विक्रम सम्वत् २०१४ साल ऋषितर्पणी श्रावणीपूर्णिमाका भोलीपल्ट विहान ८ बजेको समय थियो । मानसरोवरमा पूर्णिमास्नान गरेर कैलास कोरा (पञ्चकैलासको परिक्रमा) को उपक्रम थियो । गौरीगङ्गा र शिवगङ्गाका त्रिवेणीमा स्नान गरेर शिवगङ्गाका वाञातिरको बाटो खर्स्यूगुम्बा (राष्ट्रध्वजगुहा) देखि केही अगाडि बढेका थिऔँ । म अलि अगाडि थिञे । मेरा साथी मु. दानबहादुर भण्डारी, पं. रत्नपति चौलागाअी, गुराका धामी सहित ३४ जना पछाडि हिँडिरहेका थिए । कोहि घोडामा थिए, कोहि पदाति, कसैलाई विषवात् दम लागेको थियो र मन्दगत्या गैरहेका थिए । मलाई पनि घोडा चढ भन्थे, तर गोडा नथाकेसम्म घोडा चढेर तीर्थ गर्ने ईच्छा छैन भनेर पदाति नै थिअे । कैलासपतिका कृपाले हुन पनि केही भएन । गतिरोध गर्दा पनि अगाडि पुगिन्थ्यो । हिमाली विचित्र प्रकृति देवीले कतै हिमशुभ्र टाकुरामा प्रभाती सुनौलो घाम झुल्किरहेको थियो । त कतै बादलका बर्काबाट रुवो वर्षेझैँ हिउँ वर्षिरहेको थियो । वाञातिर हिमशुक्लजला कलनादिनी शिवगङ्गा बगीरहेकी थिइन् । वारीपारी तलमाथि जता हेरे पनि सर्वशुक्ला सरस्वती भनेझैँ कैलास वरिपरि पार्वत्य प्रकृतिले १/२ हातदेखि असंख्य हातसम्म हिममय डसना ओछ्याएको थियो र सिरग ओढेको थियो । दिनका ४ बजेदेखि प्रालेयत्वतासले ठाँडिएका हिउँ-पानी छहराहरु स्फटिक स्तम्भको भ्रान्ति गरिरहेका थिये । मर्त्यलोकका कुनै जन्तुको दर्शन दुर्लभ थियो । लङ्कारी र मानसरोवरबाट उडेर कैलासकोरा गरी गौरीकुण्डतिर बढेका विरलाकोटी राजहंस-युगल मात्र कहिलेकाहीँ कलरव गर्थे । हंसदर्शनार्थी यात्री उन्मुख भएर हेर्थे । उर्णाप्रचुर वस्त्रधारण गरेर कैलासप्रदक्षिणार्थी यात्रीमण्डल अगाडी बढिरहेको थियो । अरुभन्दा म पाँचसय गज जति अगाडि हिँडिरहेको थिञे । मेरा दाञा हातमा छाता थियो । वाञा हातमा ऐतिहासिक अभिलेख र चित्रयन्त्र (क्यामरा) को झोला थियो । एकलै मनैमन-

उद्धूत-चामर- रुचां शुचिनिभंराणा
वाता वनौषधि- सुवास -भृतो वहन्ति ।
प्रालेयं- शैल- विषये विष- वेग- मुर्च्छाः
शितर्तुषु क्वचन वान्ति च काल- वाताः ॥
अखट विकट घाटा उइ उकाला वराला
झड भड भिड गौंडा जीर्ण साँगु कराला
वनकर भय भारी लेख खोला र नाला
विष बुकि हिम काटी वीर कैलास जाला

भन्ने गन्थन गर्दै थिञे । यस्तै अवस्थामा मेरा जीवनमा यौटा अभुतपूर्व अद्भूत घटना घट्यो । शिवगङ्गाका दाञा तिर पारी पट्टी तीर्थापुरी तिरका हिमाच्छन्न पाखाबाट यौटा भीमकाय हिममानव ओर्लिरहेको देखियो । अनुसन्धानशील कुतुहली हिमालचूलीका यात्रीहरुद्वारा बहुचर्चित यति वा हिमपुरुष यद्वा यही नै रहेछ । तर मैले यसपाली पहिला पटक दृष्टिगोचर गरेको थिञे । तसर्थ आश्चर्य लाग्नु स्वाभाविक थियो । देख्नासाथ यति प्रभावित र आकर्षित भञेकि समस्त कर्मेन्द्रिय र ज्ञानेन्द्रियवर्ग प्रत्यक्षदर्शनमा केन्द्रित भये । त्यस बेला केवल दृष्टिले काम गरे, अरु सबै इन्द्रियवृत्ति र चित्तवृत्ति निरुद्ध भये । आश्चर्य, औत्सुक्य, कौतुहल, जिज्ञासा र विस्मयका भावशावल्यमा चित्र लिने महत्त्वपूर्ण काम पनि पछायो । तवसम्म त्यो हिममानव नैसर्गिक गत्या पारीबाट ओर्लेर शिवगङ्गाका १५/२० गज जति जलप्रवाहलाई अनायास पानी नछोइकनै नाघेर एक्कै पाईलामा वारि पट्टि टेकेर आयो । अनी एकचोटी मात्र म तिर मुण्टो घुमाएर हेऱ्यो । तर रोकिएन । वाटो काटेर पूर्ववत् स्वाभाविक गत्या दाञातिर कैलासका पश्चिम पाखा पट्टि लाग्यो । शय गज जति गयेपछि उकाला लाग्यो । ओराला भन्दा उकालामा झन छिटो हिँड्दो रहेछ । किन्तु लामा हात भैमा लाग्ने हुनाले कुम माथि फालेर हल्लाउँदै हिँड्दो रहेछ । यतिञ्जेल उ पनि अलि अलि हिउँ वर्सिरहेका मेघमण्डलमा पुग्यो । यता मेरा साथी पं. रत्नपतिले पुगेर क्या हो ? किन रोकिनुभयो ? भनेको सुन्दा मेरो चित्तवृत्ति यतातिर फर्क्यो तर पनि दृष्टि उतै थियो । मैले भने, त्यो क्या हो ? अनि उहाँले ई शिवजीका गण हुन्, घूमीरहन्छन् । कुनै नौलो कुरा होइन । इनको चेवा चर्चा गर्नु हुँदैन । हिउँ पर्छ, विघ्नवाधा पर्छ । जाउँ, विहानै वाटो काटेको राम्रो हुन्छ । दिन ढल्के पछि कालो वतास पनि चल्छ । गौरीलाग्नु काट्नु धौ हुन्छ भन्नुभयो । शिवगणको नाम सुनेपछि मलाई झन जिज्ञासा बढ्यो । अनि बल्ल चित्र लिने स्मृति जाग्यो र झोलावाट चित्रयन्त्र (बक्स क्यामरा) झिकेर चित्र लिदासम्म त्यो हिमपुरुष हिमवर्षुक जलद-जवनिका भित्र पस्न लागेको थियो ।

अगाडीबाट चित्रग्रहण गर्नु बिर्सियो । टाढा पुगी सके पछि पिठ्यूँ पट्टीबाट पानी वर्षीरहेका बादलका जवनिकामा पस्ने बेलाको चित्र मात्र लिन सकियो । तेस हिममानवले हिउँमाथि पारेको पाइलो नापियो । गज फुटमा मिलेका मेरा हातको ठिक्क एक हात लामु र मुडी हात चाक्लो पञ्जा भयो । कुर्कुच्चा भने, १ कुडेत तिखुल्लो रहेछ । आठ माससम्म धुलाई गर्ने साधन नपाइ कैलास मानसरोवर आदि हिमाली ऐतिहासिक प्रलम्ब यात्रा सिध्यायेर काष्ठमण्डप पुगी धुलाई गर्दा आधा जति चित्र नष्ट भै सकेछन् । कतिपय चित्रमात्र स्वच्छ उत्रे । तिनैमा त्यो चित्र पनि अस्पष्ट हुन गयेछ । तैपनि अरु ऐतिहासिक चित्रमध्ये सुरक्षित छ । यन्त्रचित्र विलम्बित र धमिलो भये पनि मेरा आँखाले प्रत्यक्ष लियेको चित्र अद्यापि झलमल्ल सङ्लो छ । त्यसैका आधारमा शब्द चित्र प्रस्तुत गरिन्छ :–

यो यती वा हिमपुरुष मेरा हातको ७ हात जति अग्लो । लम्बाइ अनुसार मोटो हट्टाकट्टा, हात घुँडादेखि तलसम्म पुगेका पुष्ट र क्रमैसित माथि पट्टी मोटा । तीनकुने हत्केला । औंला लामा । नङ् भन्दा रौं लामा । बाजू र कलाई पुष्ट बाउँडियेका । छाति २ हात जति चाक्लो ढाल झैं पुष्ट उठेको । घाँटी अलि छोटो र मोटो । दुवै कुम अलि अलि उठेका । चिउडो अलि लामु तीनकुने । मुखदेखि माथि बाटुलो अनुहार । गाला पुष्ट । ओठ अलि मोटा, दात देख्न पाइयेन । नाक अलि मोटो र चेप्टे पोटयेको । आँखा अलि साना गैरा र पिङ्गल गोलाकार प्राय । आँखिभौं भ्र्याम्म झुकेका एक अङ्गुल भन्दा लामा । आँखादेखि माथि अर्ध गोलाकार चाक्लो ललाटसम्म वसेको । कान केशरीका जस्ता ठाडा र अलि गोल । जुँघा छैनन् । चिउडादेखि कानसम्म साना मसीना खैरा रौं । टाउको ठूलो । कम्मर अलि पातलो । पेट स्याप्प वसेको । नितम्ब फुकेको उरु र जङ्घा पुष्ट बाउँडियेका । घुँडा, कुहुना पौंठा र गुल्फ गाडियेका । खुट्टा तीनकुने । लामा औंला छ्यार्र अगाडी फुकेका । नङ् नदेखिने लामा रौंले ढाकेका । हिउँ मांथि टेकेका पाइला मेरा हातका ठिक्क एक हात लामा, मुडी हात पञ्जा, कुँडेत कुरकुच्चा छन् । मेरा हात जग फुटमा मिलेका छन् । शिरदेखि पाउ पर्यन्त एक वित्ता जति लामा कलेजी खैरा रौं छन् । रातो र पहेंलो मिलेको मुखको रङ्ग छ । रौं दुइ प्रकारका छन् । एक प्रकारका लामा मोटा अलि विरल छन् । तिनका जरामा टम्म भरियेका मसीना खुलु जस्ता मखमली रौं छन् । जसभित्र हिउँ पानी पनि पस्तैन होला । पुच्छर छैन । आङ्मा लुगा कुनै छैन । खुट्टामा जुत्ता दोचा शुकलाम आदि केही छैन । मानिस देखि तर्सने पनि होइन, तर्साउने पनि होइन । ओरालामा भन्दा उकालामा छिटो हिंड्छ । अङ्ग प्रत्यङ्ग पुष्ट छन् । टाढाबाट हेर्दा साक्षात् जाम्बवान् जस्तो देखिञ्छ । निकटमा आयेपछि हात खुट्टा छाति मुख आदि मानवका जस्ता स्पष्ट

देखिञ्छन् । मानवको पूर्वरूप जस्तो लाग्छ । म भन्दा आठ नौ गज जति अगाडीबाट वाटो काटेको हो ।

यस घटना पछि गजदन्तगुम्बा, चिउगुम्बा, ठुइकुगुम्बा, मूलगुम्बा आदिका बाह्रैमास कैलासमानसनिवासी लामा र वर्षामा वर्षापाटनमा चौंरी, झुमा, घोडा, भेढा, च्याङ्ग्रा आदि चराउने छेपाहरू तथा अनेकवार कैलासमानसका यात्रीहरू सित जिज्ञासा गर्दा हिममानवका विषयमा पाइयेको संक्षिप्त परिचय यस्तो छ :–

हिममानव, हिममानुष, हिमपुरुष, हिउँमान्छे वा यति यौटै हो । यो प्रायः युग्मचारी हुन्छ । छुट्टिये पनि वारीपारी, तलमाथि डिठ पर्ने ठाउँमा एक्लै हिंडे घुमे पनि, डाँडा पारी वा टाडा हुँदा साथ आफ्नै एकाक्षरी भाषामा आ उ आदि भनेर डाकिहाल्छ । कैले काहिँ यौटा बालक पनि साथमा देखिञ्छ । बाबुलाई केही कालका लागि छोडे पनि त्यो बालक आमालाई कहिल्यै छोड्दैन । हामीले हेर्दा नर–नारी छुट्टयाउन सक्तैनौं । यस्को मुख्य हेतु अधिक लोमश हुनु नै हो र आकृति प्रकृतिमा विशेष अन्तर पनि हुँदैन । हिम मानव हिंसक हुँदैन । कन्द–मूल, फल–फूल, साग–पात, केही नपायेमा गुफा भित्रको पाल्वाङ् माटो खाञ्छ । यो माटो पोखरीको पाँगो जमेझैं हिमाली भूगर्भमा प्रायः सर्वत्र छ । विशेष भद्रखण्ड कैलास मानस प्रदेशमा छ र हुम्लासम्म कता कति पाइन्छ । नवनीत जस्तो सेतो र दूधका जस्तो स्वाद हुञ्छ । खाँदा भोक प्यास मेट्छ र पुष्टि दिञ्छ । कैलास मानस सरोवरको प्रसाद भनेर यात्रीहरू लैजाञ्छन् । तालुमा हत्केला र पैतलामा लेप गर्दा तापज्वरो शान्त हुञ्छ । मुटु पेट आदिको दाह पनि शान्त गर्छ । पाल्वाङ् माटो खाँदा लुतो, खटिरा, विफर आदि शान्त हुञ्छन् । यो अन्नादिका अभावमा खाद्य हो र औषधि पनि हो । देवदानवद्वारा समुद्र मथन गर्दा प्रकट भयेका अमृतको फिन जमेको होला भन्ने स्थानीय जनभावना छ । केहि नपायेका खण्डमा हिममानव र शाकाहरी मानवको हिमाली खाद्य पनि हो । ठिक्क नौनी जस्तै हुञ्छ । खाँदा दाँतमा बालुवा पनि लाग्दैन । बाह्रै मास हिमालयमा वास गर्ने मानिस कार्तिक देखि चैत्र सम्म हिउँले टम्म पूरिँदा हिमगुहाभित्र सबै दिन पाल्वाङ् माटो चाटेर नै जीवनयापन गर्दछन् । हिममानवको मुख्य आहार यै हो । हिमाली स्थलचर अरु जन्तुहरूको पनि मुख्य खाद्य यै हो ।

हिममानवले कुनै मानिस वा जीवजन्तुलाई दुःख दिन्न । आफु पनि डराउँदैन, कसैसित सम्पर्क पनि राख्दैन । कसैको भाषा बुझ्दैन । अरुले पनि यस्को भाषा बुझ्दैनन् । हिममानवको भाषा प्रायः एकाक्षरी हुञ्छ । यथा आ ई उ ए ऐ ओ औ आम् इम् काङ् किङ् कुङ् क्वाङ् का की चू चा ची चो चम् चङ् च्वाङ् च्चाँ पा पो

पी प्वाङ् पुङ् पिङ् प्याङ् नू नाङ् नङ् हा हू है हो हाङ् हुङ् हिङ् ला ली लू लङ् इत्यादि । वारै मास हिमप्रदेशमा रहन्छ । हिउँ देखि तल अलिकति आउँदासाथ घामले खप्न नसकि हाँ हाँ गर्दै हिउँ तिर लाग्छ । हिममानिसलाई हिमप्रदेशबाट झिक्नु र पानीबाट माछालाई झिक्नु एउटै कुरो हो । मानिस भन्दा धेरै चिरञ्जीवी र निरोगी हुन्छ । कुनै वेला कुनै कारणले एउटा मऱ्यो भने अर्को केही नखाई उसको टाउको काखमा राखी विलाप गर्दै झुरिएर केही दिनपछि मरि जान्छ । यौटा सुतेर मर्छ, अर्को वसेर मर्छ । विकट हिमाली टाकुरा र गुफा कन्दराहरूमा कहिले काहीँ तिनका विशाल कङ्काल फेला पर्छन् । टाउकाको खप्पर त हज्जारौँ वर्षसम्म गल्दैन र माटिदैन । पुराना लामाहरूका गुम्बामा ती खप्पर सुरक्षित र पूजित पाइञ्छन् । मानव जातिका विकासक्रममा सवभन्दा प्रथम हिममानव नै हो अनि हिमपुरुष पछि किमपुरुष वा घोरमुखा, लम्काने, वनमानुष, वनभाँऱ्ऱी, नाइकोरा, फिटा, छोपा, राउटे, कुसुण्डा, चुफे, चुल्ठे इत्यादि जातिका गाउँ घर वसोवास खेत पाखो र नियत निवास नभयेका जनसंख्या पनि नभएका र नागरिक अधिकार नभएका मानवहरू हिमालयमा प्रायः सर्वत्र छन् । विशेष कैलास मानस खण्डमा छन् । इनमध्ये एक एक जातिको परिचय यस्तै, यसभन्दा विचित्र छ । कुनै शाकाहरी छन् । कुनै मांसाहारी छन् । यस्तै अरु पशु पंक्षी मृगादि छन् । उक्त मानव जाति हिमालचूली देखि महाभारत पर्वतमाला पर्यन्त पाइञ्छन् । महाभारत र चुरेका पाखाहरूमा कताकती चुरेका उपत्यका र मालीनदीका तीरमा पनि कुशहरी, पहरी, थामी, हायु, मुर्मी, दरै, दनुवार, सुनुवार, वोटे, कुमाल, राजी, माझी, नागा, सन्थाल आदि केही विकसित जनसंख्यामा आएर नागरिकता पाएका पनि छन् । मानवी सृष्टिको वाटो पैलाउन खोज्ने अनुसन्धाताहरूले इनि सबैको गवेषणा गर्नु वाञ्छनीय छ । जसवाट बुद्धिजीवी विश्व मानव जातिको उत्पत्ति र क्रम–विकासमा प्रशस्त प्रकाश पर्न सक्नेछ ।

गुरुपूर्णिमामहापर्व

गुरु गौरवका जान्ने मानवहरूका लागि प्रतिवर्ष आषाढ शुक्लपक्षका अन्तमा गुरु गौरवशालिनी गुरुपूर्णिमा विश्वमा अभिनव चेतना लिएर आउँछ । बृहस्पतिः सुराचार्यो गीष्पतिर्धिषणो गुरुः । भनेर इन्द्रादि ३३ कोटि देवता देवगुरु बृहस्पतिको पूजा गर्दछन् । शुक्रो दैत्यगुरु काव्य उशना भार्गवः कविः । भनेर प्रहलादादि दैत्यगण दैत्यगुरु शुक्राचार्यको पूजा गर्दछन् । एवं दिलीपका अनुयायीहरू ब्रह्मर्षि वशिष्ठको पूजा गर्दछन् । रामका अनुयायीहरू राजर्षि विश्वामित्रको पूजा गर्दछन् । जनकका अनुयायीहरू योगी याज्ञवल्क्यका पूजा गर्दछन् । पाण्डवहरूका अनुयायीहरू धौम्यऋषिका पूजा गर्दछन् । कृष्ण बलरामका अनुयायीहरू गर्ग सान्दीपनि मुनिका पूजा गर्दछन् । द्रोणाचार्यका अनुयायीहरू भारद्वाज ऋषिका पूजा गर्दछन् । चन्द्रगुप्तका अनुयायीहरू राजधर्मज्ञ चाणक्यका पूजा गर्दछन् । प्रतापसिंहका अनुयायीहरू एकलिङ्गनाथका पूजा गर्दछन् । शिवाजीका अनुयायीहरू समर्थगुरु रामदासका पूजा गर्दछन् । नाथपन्थीहरू गुरु गोरखनाथका पूजा गर्दछन् । नानकपन्थीहरू गुरु नानकदासका पूजा गर्दछन् । मानसिंहका अनुयायीहरू जलन्धरनाथका पूजा गर्दछन् । दशनामीहरू श्रीचन्दका पूजा गर्दछन् । रामानन्दीहरू रामानन्दका पूजा गर्दछन् । कवीरपन्थीहरू कवीरदासका पूजा गर्दछन् । पादुकाकारहरू रविदासका पूजा गर्दछन् । वाल्मीकिसमाजीहरू महर्षि वाल्मीकिका पूजा गर्दछन् । आर्यसमाजीहरू महर्षि दयानन्दका पूजा गर्दछन् । ब्रह्मसमाजीहरू राममोहन रायको पूजा गर्दछन् । रामृष्णमिशनरीहरू रामकृष्णका पूजा गर्दछन् । विवेकानन्दका अनुयायीहरू विवेकानन्दका पूजा गर्दछन् । शङ्करदेवपत्रका अनुयायीहरू शङ्करदेवका पूजा गर्दछन् । पातञ्जलसमाजीहरू पतञ्जलिका पूजा गर्दछन् । यसैप्रकार आ-आफ्नो गोत्रका गुरुका पूजा सबैले गर्दछन् । वेदव्यासका पूजा तथा देवगुरु बृहस्पतिका पूजा सबैले गर्दछन् । गणेशो भाष्करो विष्णुः शिवः शक्तिश्च पञ्चमी । पञ्च परमेश्वर सर्वगुरुका पूजा पनि सबैले गर्दछन् । समस्तविद्यागुरु सरस्वतीका पूजा पनि सबैले गर्दछन् । बुद्धानुयायी बौद्धहरू गौतमबुद्धका पूजा गर्दछन् । जैनीहरू जिनमहावीरका पूजा गर्दछन् ।राष्ट्रिय स्वयंसेवक सङ्घका मान्छेहरू भगवाध्वजका पूजा गर्दछन् । नागाहरू नागार्जुनको पूजा गर्दछन् । शिक्षा-दिक्षादिने माता-पिता, पुरोहित अध्यापक आदिका साथै समाजका समस्त ज्ञानवयोबृद्धहरूको पूजा मानव समाज कृतज्ञ भएर गर्दछन् । मातृदेवो भव । पितृ देवो भव । आचार्यदेवो

भव । अतिथि देवो भव । भनेर समस्त बालक बालिकाहरूलाई गुरु परम्परा पूजनको पावनी शिक्षा दिन्छन् । जसले समाजमा वर्षभरी अनुशासनशीलता रहन्छ । गुरुपरम्परा अखण्ड रहन्छ । एवम् त्रिविध शान्ति रहन्छ । गुरुगीताआदिमा गुरुपूजाका मन्त्र यसप्रकार छ :–

गु–शब्दस्त्वन्धकारः स्याद् रु–शब्दस्तन्निरोधकः ।
अन्धकार–निरोधित्वाद् गुरुरित्यभिधीयते ॥
गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात्परं ब्रह्म तस्मै श्रीगुरवे नमः ॥
अज्ञानतिमिरान्धस्य, ज्ञानाञ्जन शलाकया ।
चक्षुरुन्मीलितं येन, तस्मै श्रीगुरवे नमः ॥
अखण्डमण्डलाकारं व्याप्तं येन चराचरम ।
तत् पदं दर्शितं येन तस्मै श्रीगुरवे नमः ॥
वन्दे गुरुणां चरणारविन्दं सन्दर्शित–स्वात्मसुखाधीनाम् ।
जनस्ययज्जाङ्गुलिकायमानं संसार–हलाहल–मोशान्त्यै ॥
ॐ नमो गुरवे नित्यमादेशाउपदेशिने ।
येनाज्ञानतमोहत्वा स्वात्मज्योतिःप्रकाशितम् ॥
गोरक्षबालं गुरु शिष्यपालं शेषाहिमालं शशिखण्ड भालम् ।
कालस्यकालं जितजन्मजालं वन्दे जटालं जगदब्जनालम् ॥
योगेन चित्तस्य पदेन वाचां मलं शरीरस्य च वैद्यकेन ।
योऽपाकरोत् तं प्रवरं मुनिनां पतञ्जलिं प्राञ्जलिरानतोऽस्मि ॥
नमोऽस्तुते व्यास विशालबुद्धे फुल्लराविन्दायतपत्रनेत्र ।
येनत्वयाभारततैलपूर्णः प्रज्वलितो ज्ञानमयः प्रदीपः ॥
अशेष–मातापितरः सुरास्ते महर्षयो गोत्रगुरुत्वभाजः ।
त्रिकालसन्ध्यासु सदैव वन्द्याविशेष पूज्या गुरुपूर्णिमायाम् ॥
ब्रह्मानन्दं परम–सुखदं केवलं ज्ञानमूर्ति ।
द्वन्द्वातीतं गगनसदृशं तत्त्वमस्यादिलक्ष्यम् ॥
एकं नित्यं विमलमचलं सर्वधीसाक्षिभूतम् ।
भावातीतं त्रिगुणरहितं सदुगुरुं तं नमामि ॥
वसुदेवसुतं देवं रुंचचाणारमर्दनम् ।
देवकी परमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥

गुरुपदको अर्थ

गु–अन्धकार हो । रु–प्रकाश हो । अन्धकार हटायेर प्रकाश गरीदिनेलाई गुरु कहिन्छ । गुरु ब्रह्मा हुनुहुन्छ, गुरु विष्णु हुनुहुन्छ, गुरु महेश्वर देव हुनुहुन्छ । गुरु साक्षात् परब्रह्म हुनुहुन्छ । यस्तो श्रीगुरुलाई नमस्कार छ । अज्ञानका अन्धकारले अन्धा भयेका आँखाहरूलाई ज्ञानका अन्जनको सलाईले जसले खोलीदिनुभयो यस्तो श्रीगुरुलाई नमस्कार छ । अखण्ड मण्डलाकार जसले चराचर जगत् व्याप्त गरीराखेको छ, त्यस पदलाई जसले देखाई दियो यस्तो श्रीगुरुलाई नमस्कार छ । स्वात्मसुखमय समुद्र स्वरूपमा गुरु चरणारविन्दको वन्दना गर्दछौँ । जसले जनताका संसारमय हलाहल विषको मूर्छाको शान्तिको लागि विषवैद्य छन् । बाह्र वर्षका बालकतुल्य, गुरुजनहरूका तथा शिष्य मण्डलीका पालक शेषनागको मालाधारण गर्ने जटा मण्डलको मूलमा भालस्थलमा चन्द्रकलालाई धारण गर्ने कालका पनि काल=महाकाल, जन्ममृत्युका जाललाई जित्ने मृत्युञ्जय, जगत्कमलका नालदण्ड, बालभाष्कर किरणरूप जटामण्डल धारण गर्ने बालेगुरु गोरक्षनाथको वन्दना गर्दछौँ । अथ योगानुशासनम् । योगश्चित्तवृत्तिनिरोधः । भन्ने योगले चित्तको मल, अथ शब्दानुशासनम् । सिद्धे शब्दार्थसम्बन्धे भनिने व्याकरणले वाणीको मल, आयुर्वेत्ति च विन्दति । धर्मार्थ काम मोक्षाणामारोग्यं मूल साधनम् भनेर वैद्यकले शरीरको मलजसले हटाइदिनुभयो, उस मुनि प्रवरपञ्जलिलाई हात जोडेर नमस्कार गर्दछौँ । जसले महाभारतका तेलद्वारा पूर्ण ज्ञानमय दीपक जलाइदिनुभयो, यस्ता हे वेदव्यास ! हे विशाल बुद्धि भयेका ! प्रफुल्ल कमलका लम्बा चौडा दलकातुल्य विशाल नेत्र भयेका तिमिलाई नमस्कार छ । एवम् माता, पिता, पितामही, पितामहआदि कुलवृद्ध जन समाजका मान्यगण्य गुरुजन समस्त देवी, देवतागण, आ–आफ्नो गोत्रका मूलगुरु अट्ठासीहजार ऋषि मुनि जन, त्रिकाल सन्ध्याहरूमा जसको सदा वन्दना गरिन्छ । उक्त समस्त गुरुजनहरूका पूजा गरिने गुरुपूर्णिमाका महापर्वमा विशेष गरेर पूजा गरिन्छ । सत्चित् आनन्द ब्रह्मरूप परम सुखदायक, केवल ज्ञानका मूर्ति शीतोष्णादि द्वन्द्वहरूदेखि टाढा, गगन सदृश, तत्त्वमसि अहं ब्रह्मास्मि आदि वेद वेदान्त वाक्यहरूका लक्ष्य एकमेव अद्वितीयनित्य, विमल, अचल, सबैका बुद्धिका साक्षि स्वरूप, जायते अस्तिवर्धते विपरिणामते अपक्षीयते विनस्यति षड्भावविकारहरूदेखि पर सत्त्वगुण, रजोगुण, तमोगुण, तीनै गुणहरूदेखि रहित, यस्तो उनी सद्गुरुलाई नमस्कार छ ।

.....

(राष्ट्रगुरु योगी नरहरिनाथज्यूद्वारा वि.सं. २०४५ शाके १९१० गुरुपूर्णिमा महापर्वका अवसरमा नवदेहली-१२, इन्द्रपुरीस्थित शिवमन्दिरमा चतुर्मासपर्यन्त यज्ञ सञ्चालन गर्दा प्रकाशित तथा वि.सं. २०६१ आषाढ १८ गते गुरुपूर्णिमाका अवसरमा श्रीवागीश्वरी आध्यात्मिक परिषद् योगी नरहरिनाथ आश्रम, देवघाटधाम्नका उपाध्यक्ष श्रीभरतलाल प्रधानले पुनर्प्रकाशन गर्नुभएको सामग्रीलाई जनउपयोगी भएकोले पुनः प्रकाशन गरिएको छ ।)

ॐशान्तिः शान्तिः शान्तिः!

ॐ गौः श्रीः शिवौ वेदाः

आत्मा खलु विश्वमूलम् ! वेदोऽखिलो धर्ममूलम् ! कृण्वन्तो विश्वमार्यम् !

श्रीबृहदाध्यात्मिकपरिषद्

(२०२२ चैत्र १-२०७२ चैत्र १)

स्वर्ण महोत्सव-२०७२

२०७२ चैत्र १-३

प्रकाशक

श्रीबृहद् आध्यात्मिक परिषद

(कोटिहोमस्थली -१२४) गोरक्षपीठ, सिद्धाचल, मृगस्थली, काठमाडौं।

सहयोग रु १००/- मात्र